धनुषा जिल्ला अदालत
२०७१

# धनुषा जिल्ला अदालतबाट जारी
# सार्वजनिक सूचना

मिति: २०७८।०३।१४

विश्वव्यापी महामारीको रुपमा तीव्र गतिमा फैलिरहेको नयाँ भेरियन्टको कोरोना भाईरस (कोभिड-१९) को संक्रमण दरमा सुधार हुँदै गएको सन्दर्भमा जिल्ला प्रशासन कार्यालय धनुषाबाट जिल्लाभित्रको आवागमनमा सहजता हुने गरी निषेधाज्ञाको सुचना जारी भएको अवस्थामा सो निषेधाज्ञाको अवधिभर (मिति २०७८।०३।१५ गतेदेखि मिति २०७८/०३/२१ गतेसम्म) यस अदालतको कामकारवाही तथा प्रवाह हुने सेवामा पूर्व सूचना अनुसार सूचारु रहेका सेवाका अतिरिक्त देहायका थप कामकारवाही तथा सेवालाई सुचारु राख्ने भनी यस अदालतबाट मिति २०७८।०३।१४ मा भएको निर्णयानुसार सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व सुचना बमोजिम सुचारू रहेका सेवाहरू

१. म्याद थप, पक्राउ पुर्जी जारी, CDR अनुमति र जरुरी पक्राउ पुर्जीको समर्थन सम्बन्धी कार्य,
२. अभियोगपत्र दर्ता गर्ने, अभियोगपत्रसाथ पेश भएका अभियुक्तको बयान लिने, थुनछेक आदेश गर्ने,
३. बन्दीप्रत्यक्षीकरण सम्बन्धी निवेदन दर्ता र सुनुवाई,
४. प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीको बयान तथा थुनछेकसम्बन्धी कार्य,
५. घरेलु हिंसासम्बन्धी फिरादपत्र दर्ता र सुनुवाई,
६. बालसुधार गृहमा रहेका बालबालिका जिम्मा लिने विषयसँग सम्बन्धित निवेदन दर्ता र सुनुवाई,
७. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ को सुविधासम्बन्धी निवेदन दर्ता र सुनवाई,
८. अभियोग साथ पेश भएका दशीका मालसामान फिर्ता पाउँ भन्ने निवेदन उपरको कारवाही,
९. कैदी पुर्जी सम्बन्धी कार्य,
१०. फैसला वा आदेश अन्तिम भईसकेका मुद्दाहरूको रोक्का/फुकुवा सम्वन्धी कार्य,
११ फैसला, आदेश वा मिसिल संलग्न अन्य कागजातको नक्कल माग गर्न परेका निवेदन सम्वन्धी कार्य,
१२. विशेष प्रकृतिका निवेदन सम्बन्धी कार्य,
१३. अदालती शुल्क फिर्ता गर्ने सम्वन्धी कार्य,
१४. मुद्दा फिर्ता, डिसमिस, तामेली र मिलापत्र सम्बन्धी कार्य ।

७८।३।१४

सेरेस्तेदार
उप-सचिव

थप सुधारहरू गरिएका सेवाहरू

१५. प्रत्येक दिन १० (दश) वटासम्म फिरादपत्र दर्ता गर्ने । फिराद पत्र दर्ता गर्न चाहनेले बिहान ११:०० बजेसम्म डायरी फाँटबाट टोकन लिईसक्नुपर्नेछ । सोही दिनको २:०० बजेसम्म फिरादपत्र दर्ता गरिसक्नुपर्नेछ,

१६. रोक्का/फुकुवा सम्बन्धी निवेदन उपरको कारवाही,

१७. नेपाल सरकार वादी भएका थुनुवा मुद्दा सुनुवाई सम्बन्धी कार्य तथा एउटै मुद्दामा केही प्रतिवादी थुनुवा भएका मुद्दा र केही प्रतिवादीहरु तारिखमा रहेका मुद्दामा तारिखमा रहेका सबै प्रतिवादीहरुले तारिख थमाई मुद्दाको कारवाही अगाडी बढाउन अनुरोध गरेका मुद्दा उपरको सुनुवाई सम्बन्धी कार्य ।

०६८।३।१८

सेरोदार

उप-सचिव